# मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ईटाभट्टा, झापा
१ नं.प्रदेश, नेपाल

आज मिति ०७४ साल आषाढ २६ गते सोमवारका दिन यस मेचीनगर नगर कार्यपालिकाको पहिलो वैठक कार्यपालिकाका प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा वस्यो :

उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | : श्री विमल आचार्य |
| नगर उपप्रमुख | : श्री मिना उप्रेती |
| वडा नं. १ अध्यक्ष | : श्री पासाङ्ग तामाङ्ग |
| वडा नं. २ अध्यक्ष | : श्री तिलक न्यौपाने |
| वडा नं. ३ अध्यक्ष | : श्री हर्क वहादुर वस्नेत |
| वडा नं. ४ अध्यक्ष | : श्री नविन वराल |
| वडा नं. ५ अध्यक्ष | : श्री योगेन्द्र थापा मगर |
| वडा नं. ६ अध्यक्ष | : श्री ललित वहादुर तामाङ्ग |
| वडा नं. ७ अध्यक्ष | : श्री चन्दन मेचे |
| वडा नं. ८ अध्यक्ष | : श्री विकेन्द्र कुमार धिमाल |
| वडा नं. ९ अध्यक्ष | : श्री गोपाल खडका |
| वडा नं. १० अध्यक्ष | : श्री सुवेश कुमार पनेरु |
| वडा नं. ११ अध्यक्ष | : श्री सन्तोष कुमार मेचे |
| वडा नं. १२ अध्यक्ष | : श्री नरेन्द्र धिमाल |
| वडा नं. १३ अध्यक्ष | : श्री कृष्ण सिग्देल |
| वडा नं. १४ अध्यक्ष | : श्री शंकर प्रसाद पोखरेल |
| वडा नं. १५ अध्यक्ष | : श्री गुणराज भट्टराई |
| कार्यकारी अधिकृत | : श्री पशुपति खतिवडा |

आमन्त्रित

| | |
|---|---|
| सामुदायिक विकास अधिकृत | : श्री अनन्त प्रकाश वस्ती |

**निर्णय नं. १**

हालको वर्षादको कारण वाढी पहिरो आई क्षति पुगेको क्षेत्रहरुको निरीक्षण गरि नियन्त्रणका उपायहरु अवलम्बन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

हाल गठन भएको मेचीनगर नगरपालिकाको वस्तुगत विवरण झल्किने गरी नगर प्रफाइल ३(तीन) महिना भित्रमा तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिका कार्यालय भित्र १(एक) हप्ता भित्रमा सहयोगी कक्ष (Help Desk) निर्माण गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मेचीनगर नगरपालिका क्षेत्र भित्र रहेका जेष्ठ नागरीकहरुको विवरण अनुसार सम्मानित गर्न परिचय पत्र तयार गरी विशेष कार्यक्रम संचालन गर्ने, महिलाहरुको शसक्तिकरणका लागि कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गर्ने र वालश्रम नगर घोषणाका लागि आवश्यक कार्यक्रम संचालन गरी वालश्रम मुक्त नगर घोषणा गर्ने निर्णय गरियो ।

अन्त्यमा, आजको वैठक नगर प्रमुखज्यूबाट सधन्यवाद समापन गरियो ।